लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय रोल्पा

पत्र संख्या : ०८०/०८१
च. नं.

## ओखर बिरुवा आपर्तिको लागि शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति २०८०/८/२५)

आ.व. २०८०/०८१ को यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम तथा कृषि वन प्रवर्धन कार्यक्रम अर्न्तगत टर्किस जातको दाँते ओखर (Chandler Variety-Chandler- Grafted Walnut Sapling, Root Stock Grafting) (कलमी बिरुवा) आपूर्तिकर्ताबाट तपसिल बमोजिमका स्पेशिफिकेशन भएको र गुणस्तर भएको दाँते ओखरको बिरुवा खरिद तथा तोकिएको स्थानमा ढुवानी गर्नेपर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| बिरुवाको स्पेशिफिकेशन |
|---|
| (Chandler Variety-Chandler- Grafted Walnut Sapling, Root Stock-Juglansregia, Pollinator-Franqualte Age -2 years, Height 60-90 cm above the grafting) |

| दरभाउ पत्र नं. | बिरुवा प्रजाति | बिरुवा संख्या | अधिकतम लागत मूल्य | दरभाउपत्रको जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १/०८०/०८१ | दाँते ओखर | ३०६१ | १६,४९,८७९।- | ८२,४९५।- | १०००।- |

१. मेचीकाली सन्देश राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन भएको मिति २०८०/८/२५ गतेले १५ दिन २०८०/९/९ गते साझँ ४ बजे भित्र वा सो दिन विदा परेमा सोको भोलि पल्ट (कार्यालय समय भित्र) यस कार्यालयबाट तोकिएको मूल्य (फिर्ता नहुने गरी) तिरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र खरिद गर्ने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीका प्रोप्राईटरले दरभाउपत्र खरिद गर्न् दिईएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, विरुवा उत्पादन तथा आपूर्ति सम्बन्धि कार्य गर्ने गरी व्यवसाय दर्ता भई नविकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

३. दरभाउपत्र वापतको दस्तुर सम्बन्धित भौचरमा राजश्व खाता रहेको बैंकको नाम उल्लेख भएको ठाउँमा नेपाल बैंक लिमिटेड लिवाङ्ग रोल्पामा, बैंक खाता नं.२७४०२०००००१००१००००००१, प्रयोजन - ओखर बिरुवा खरिद सम्बन्धित दरभाउपत्र दस्तुर, कार्यालयको नाममा डिभिजन वन कार्यालय रोल्पा, कार्यालयको कोड ३२९०१५४०१५ र राजश्व शिर्षकमा १४२२९ उल्लेख गर्नुपर्दछ ।

४. धरौटी वापत कम्तिमा ५% रकम प्रदेश लेखा नियन्त्रक कार्यालय रोल्पाको नाममा नेपाल बैंक लिमिटेड रोल्पामा रहेको खाता नं. ०७६०२००००००२००३००००००१, प्रयोजन-ओखर विरुवा आपूर्ति वापत, रकम जम्मा गर्न पठाउने कार्यालयको नाममा डिभिजन वन कार्यालय रोल्पा, कार्यालयको कोड नं. ३२९०१५४०१५ मा जम्मा गरी सोको सक्कलै भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिनको म्याद कायम रहेको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी अनिवार्य रुपमा समावेश हुनुपर्नेछ ।

५. खरिद गरिएका दरभाउपत्रहरु रितपूर्वक भरी सिलवन्दी गरेर मिति २०८०/९/१० गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दरभाउपत्र बिक्री गर्ने, दाखिला गर्ने अन्तिम दिन बिदा परेमा कार्यालय खुलेको दिनमा तोकिएको समय भित्र डिभिजन वन कार्यालय रोल्पामा गोप्य शिलबन्दी दरभाउपत्र दाखिला गर्नु पर्दछ अन्यथा दरभाउपत्र स्वीकार हुने छैन ।

पत्र संख्या : ०८०/०८१
च. नं.

६. म्याद नाघी वा रित नपुगी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. दरभाउपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उल्लङ्घन भएमा दरभाउपत्र मान्य हुने छैन ।

८. दरभाउपत्र दाखिला गर्दा खामको बाहिर ओखर बिरुवाको खरिद सम्बन्धित दरभाउपत्र भनी उल्लेख गर्नुपर्नेछ भने खरिद गरिएको दरभाउपत्रमा दरभाउदाताको सहि तथा छाप नभएमा दरभाउपत्र योग्य हुनेछैन र मूल्याङ्कनमा समाबेश गरिने छैन ।

९. दरभाउपत्र सदर वा वदर गर्ने अधिकार डिभिजन वन कार्यालय रोल्पालाई हुनेछ ।

१०. उपयुक्त सूचना सम्बन्धमा कुनै कुरा हेरफेर वा संशोधन गर्नु परेमा यस कार्यालयबाट गर्न सकिनेछ ।

११. यस कार्यालयमा दाखिला भएका दरभाउपत्र खोल्ने वखत दरभाउपत्र दाखिला गर्ने ब्यक्ति/फर्म/कम्पनीलाई पूर्व सुचना दिएर मात्र दाखिला भएका दरभाउपत्र खोलिनेछ ।

१२. दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

१३. सकार दररेट र विनियोजित बजेटको आधारमा बिरुवाको परिमाणमा सामान्य थपघट हुन सक्नेछ ।

१४. यस अधि बिरुवा आपूर्ति सम्बन्धि कार्य गरेको अनुभव प्रमाणपत्र संलग्न गर्नुपर्नेछ ।

१५. सूचना बमोजिमका बिरुवाहरुको गुणस्तर यस कार्यालयको प्राविधिकबाट चेकजाँच गराई गुणस्तर ठीक भएमा मात्र बिरुवा स्वीकार हुनेछ । बिरुवाहरुको गुणस्तरमा कुनै किसिमको कमी भएको देखिएमा पनि यस कार्यालयले त्यस्ता बिरुवा स्वीकार गर्ने छैन ।

१६. कबोल गरेको बिरुवा डिभिजन वन कार्यालय लिवाङ रोल्पामा आपूर्ति गर्नुपर्नेछ । तोकिएको स्थानमा बिरुवा आपूर्ति भएमा क्षति नपुगेको स्वस्थकर बिरुवा मात्र गणना गरी खरिद गरिनेछ ।

१७. यस बाहेक अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

ईति सम्बत २०८० साल मंसीर २५ गते रोज २ मा शुभम् ।

# ...कसको ?

❖ मोदनाथ ढकाल

सन् २०१६ मा पाकिस्तानमा आयोजना हुनुपर्ने दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को शिखर सम्मेलन अझै अन्यौलमा छ। सन् २०१४ को नोभेम्बरमा काठमाडौँमा आयोजना भएको १८ औं शिखर सम्मेलनमा अध्यक्षको जिम्मेवारी लिएको नेपालले त्यसलाई बिसाउन पाएको छैन । सन् २०१६ मा पाकिस्तानमा हुने भनिएको सम्मेलनबाट अध्यक्षको जिम्मेवारी पाकिस्तानलाई सुम्पिने तयारी गरिरहेको

हुने सम्भावना पनि छैन । यी दुई छिमेकीले कश्मिर विवादबाहेक एक अर्कामा आतङ्कवाद प्रवर्द्धन गरेको आरोप पनि लगाउँदै आएका छन्।

सन् २०२० को ३६ औं सार्क स्थापना दिवसको अवसरमा जारी गरेको सन्देशमा नेपालमा प्रधानमन्त्री केपी शर्मा ओली र पाकिस्तानका प्रधानमन्त्री इमरान खानले सार्क शिखर सम्मेलन आयोजना गर्न गर्नुभएको आह्वानमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानतर्फ इंगित गर्दै 'आतङ्क ...

...ट्नीतिको ... अनुभूति ... ध्यान ... बिच ... विधि ... त्यसमा ... त ... अन्य ... कम

दुवै देशका सरकारहरुले काम गरिरहेका छन् । तर देशको इतिहासकै महत्वपूर्ण यस घडीमा दुवै देशले सार्क भएको अनुभूति गर्न पाएका छैनन् । खासमा अन्तर्राष्ट्रिय व्यापार द्विपक्षीय हुन्छ तर यस्तो अवस्थामा उनीहरुलाई सार्कले क्षेत्रीय तथा अन्तर्राष्ट्रियरुपमा कतिपय सुविधा तथा सौविध्यका लागि सहयोग गर्न सक्थ्यो ।

यस क्षेत्रमा स्वास्थ्य, शिक्षा, ...

सार्क मुलुकहरुले एकअर्काबिच सडक तथा रेलवे, सूचनाप्रविधि र ऊर्जा व्यापारमा सहकार्य बढाउने हो भने सार्कलाई पुनः गतिशील बनाउने नयाँ आधारशिला खडा हुन सक्छ।

**समाधानको उपाय**

सार्कको बारेमा अहिले उठिरहेका अनेकथरी टिप्पणीले यो सङ्गठनको भविष्य त्यति उत्साहप्रद नरहेको भान हुन्छ । ...

पनि साना मुलुकहरु फ्रान्स, जर्म... र बेलायतसँग त्रसित थिए । उ... एटलान्टिक सन्धी सङ्गठन (नेटो) ... अहिले पनि त्यस्तै स्थिति छ । टर्की... पूर्वी युरोपेली मुलुकहरुलाई सद... बनाउने प्रस्तावविरुद्ध भीटो प्रयोग ग... भनेको छ । त्यसैले सहमतीय प्रणाली... कमजोरी भएको होइन, सदस्य राष्ट्रबि... विश्वास बढाउनुपर्ने आवश्यकता ह...

...देलायो र सार्क पुनः कोमामै फर्कियो ।

**सार्कको अस्तित्वको लडाइँ**

आफूभन्दा धेरै वर्षपछि स्थापना भएका युरोपेली संघ र अफ्रिकी संघको तीव्र विकास, विस्तार र सहकार्य बढिरहँदा आठ दक्षिण एसियाली मुलुकको सङ्गठन सार्क भने अस्तित्वको लडाइँ लडिरहेको छ। यहाँका जनताका लागि काल्याणकारी कार्यको प्रवर्द्धन गरी जीवनको गुणस्तर बढाउने, आर्थिक वृद्धि, सामाजिक प्रगति र सांस्कृतिक विकासलाई तीव्रता दिने र यहाँका नागरिकलाई सम्मानित जीवनयापन गर्ने र अवसर सिर्जना गर्ने उद्देश्य लिएर स्थापना भएको सार्क अहिले दिशा हराएर अन्यौलमा रुमलिएको छ।

झण्डै आठ वर्षदेखि शिखर सम्मेलन हुन नसक्नु तथा अन्य अवसरमा पनि यस क्षेत्रको नेतृत्वबिच छलफल तथा विमर्श हुन नसक्नुले सार्क सामान्य ज्ञानको प्रश्नमा सीमित हुने जोखिम बढेको केहीको धारणा छ र यस्तो धारणा नेपालमा मात्र होइन आठै सदस्य राष्ट्रमा विकसित भइरहेको देख्न सकिन्छ। हुन पनि यति लामो समयसम्म सार्कले आमजनतासम्म पुग्ने खालको कुनै गतिविधि वा निर्णय गर्न सकेन भने यसअघि ल्याइएका विशेष कार्यक्रमहरु ...

सहजीकरण गर्ने सार्क मोटर भेहिकल सम्झौताबाट पाकिस्तान पछाडि हटेपछि बीबीआईएनको सिर्जना गरिएको हो पनि भन्ने गरिएको छ । यसबाहेक, सार्कको सबैभन्दा ठुलो मुलुक भारतको प्राथमिकता दक्षिण एसियाभन्दा जी ट्वेन्टी, ब्रिक्स जस्ता विश्वव्यापी मञ्चहरुतर्फ मोडिएको छ । उसको विदेश तथा व्यापार नीतिको दिशा पनि शक्तिशाली राष्ट्रतर्फ मोडिएको र क्षेत्रीय मञ्च तथा संयन्त्रहरुमा कम ध्यान दिएको देखिन्छ।

**अझै आवश्यक**

तर आतङ्कवाद, कोरोनाभाइससजस्ता महामारी, जलवायु परिवर्तन जस्ता मुद्दामा यस क्षेत्रका मुलुकहरुले संयुक्तरुपमा काम गर्नैपर्ने आवश्यकता छ। विश्वको २२ प्रतिशत जनसंख्या रहेको यो क्षेत्रमा विश्वकै ठुलो शुद्ध पानीको भण्डार पनि छ । हिमालयमा रहेको त्यो भण्डार जलवायु परिवर्तनका कारण ठुलो जोखिममा परेको छ। हिउँ पग्लिने र हिमनदी बन्ने एवम हिमताल फुट्ने जोखिम बढ्दा नेपाल र भुटानदेखि बङ्गलादेशसम्मका मानिसको जीउधन जोखिममा परेको छ । हालै सम्पन्न संयुक्त राष्ट्र संघीय जलवायु सम्मेलन (कोप-२८) मा ...

**डिभिजन वन कार्यालय**
रोल्पा

**ओखर विरुवा खरीदको लागि दरभाउपत्र आव्हान सम्बन्धि प्रकाशित सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८०।०८।२५

आ.व. २०८०/०८१ मा उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम तथा कृषि वन प्रवर्द्धन कार्यक्रमतर्फ टर्किस जातको दाते ओखर (Chandler Variety-Chandler-Grafted Walnut Sapling, Root stock-juglansregia, pollinator-Franqualte Age-2 Years, Height 60-90 cm above the grafting) ३०६१ गोटा बिरुवा खरिद गरिने भएको हुदा नियमानुसार PAN/VAT मा दर्ता भएका, विरुवा उत्पादन तथा आपूर्ति सम्बन्धि कार्य गर्ने गरि व्यवसाय दर्ता भई नवीकरण तथा नियमानुसार कर चुक्ता रहेका फर्महरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालयबाट दरभाउपत्र खरीद गरी गोप्य शिलवन्दी दरभाउपत्र डिभिजन वन कार्यालय रोल्पामा दाखिला गर्नुहुन सम्बन्धित सवैमा यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धि विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टांस गरिएको व्यहोरा अनुरोध छ ।

सम्पर्क एवं जानकारीको लागि: ०८६-४४०११२

**रामपुर नगरपालिकाको अनुरोध**

■ समयमै कर तिरी विकास निर्माणमा सहभागी बनौं ।